नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
**जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र**
**बाढी पूर्वानुमान महाशाखा**

## चक्रवात 'अर्नब' को सम्भावित प्रभाव
## बाढी तथा अन्य जलजन्य जोखिम आंकलन तथा पूर्वसूचना

**मितिः २०८३ कात्तिक १२ गते**

चक्रवात 'अर्नब' को सम्भावित प्रभावका कारण कात्तिक १२ देखि १६ गते सम्म नेपालको विशेषगरी नारायणी, बागमती, कमला, कन्काई र कोशी नदी जलाधार तिनका उपजलाधार तथा आसपासका क्षेत्रमा उल्लेख्य वर्षा भई नदीको जलसतह बढ्न सक्ने देखिएको छ। यसबाट हुन सक्ने सम्भावित जलजन्य जोखिमसम्बन्धी आंकलन देहायबमोजिम रहेको छ।

### १. कात्तिक १२-१६ गते सम्म पाँच दिनको पूर्वानुमान

| मिति | प्रमुख नदीहरुमा सम्भावित जलजन्य जोखिमको अवस्था |
|---|---|
| **कात्तिक १२ गते (बिहीबार)** | नारायणी, कोशी, बागमती, कमला, कन्काई तथा आसपासका जलाधारमा नदीको जलसतह सामान्य बढ्न सक्ने संभावना देखिएको छ। न्युन जोखिमको संभावना |
| **कात्तिक १३ गते (शुक्रबार)** | नारायणी, कोशी र तीनका शाखा नदीहरु, बागमती, कमला, कन्काई तथा आसपासका जलाधारमा मध्यम/भारी वर्षा संगै नदीको जलसतह उल्लेख्य रूपमा बढ्न सक्ने। महाकाली, कर्णाली, पश्चिम राप्ती तथा बबई तथा तिनका शाखा नदीहरुमा जलसतह सामान्य मात्र बृद्दि हुने। मध्यम जोखिमको संभावना |
| **कात्तिक १४ गते (शनिबार)** | कोशी, बागमती, कमला, कन्काई तथा आसपासका जलाधारमा मुलतः हल्कादेखि मध्यम सम्म वर्षा हुन सक्ने। पछिल्लो करीव तीन दिनको वर्षाका कारण प्रमुख नदीहरूमा जलसतह उच्चतम विन्दुमा पुग्ने तर सतर्कता तह पार हुने संभावना न्युन रहेको छ। मध्यम जोखिमको संभावना |
| **कात्तिक १५ गते (आइतबार)** | कोशी, बागमती तथा नारायणी जलाधारका केही स्थानमा हल्का वर्षा हुन सक्ने। न्युन जोखिमको संभावना |
| **कात्तिक १६ गते (सोमबार)** | देशैभरका प्रमुख नदीहरुमा जलसतह सामान्य अवस्थामा रहने। |

## २. सम्भावित जलजन्य जोखिम

- **प्रमुख नदीहरू:** हालको आंकलन अनुसार प्रमुख नदीहरूमा जलसतह सतर्कता तहभन्दा माथि पुग्ने सम्भावना न्युन रहेको छ। तथापि, वर्षाको वास्तविक मात्रा र नदीको अवस्थाअनुसार जोखिम परिवर्तन हुन सक्छ।
- **उच्च हिमाली क्षेत्रमा जोखिम:** कोशी तथा नारायणी जलाधारका उच्च हिमाली क्षेत्रमा हिमपात, हिमपहिरोजन्य जोखिमको सम्भावना रहने देखिएको छ।
- **पहाडी/चुरे तथा तराई क्षेत्रमा आकस्मिक बाढी तथा डुवान जोखिम:** बिहीबार र शुक्रबार विशेषगरी नारायणी, बागमती, कमला, कन्काई तथा कोशी जलाधारको पहाडी/चुरे क्षेत्रमा आकस्मिक बाढीको जोखिम रहन सक्ने देखिएको छ। आगामी कात्तिक १२, १३ र १४ गतेको लागि जिल्लागत आकस्मिक बाढी जोखिम पूर्वानुमान चित्रात्मक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ।




आकस्मिक बहाव (Flash Flood) जोखिम पूर्वानुमान
(२०८३ कार्तिक १३ गते बिहान ८ बजे देखि २४ घण्टा)
नक्सामा विभिन्न जिल्ला भइ बहने स-साना नदीहरूमा आकस्मिक बहाब (Flash Flood) हुन सक्ने पूर्वानुमान र सो को जोखिम देखाइएको छ।
संकेत
नदि
जोखिमको तह
न्यून जोखिम
मध्यम जोखिम
उच्च जोखिम
अति उच्च जोखिम
0 50 100 150 200 km


आकस्मिक बहाव (Flash Flood) जोखिम पूर्वानुमान
(२०८३ कार्तिक १४ गते बिहान ८ बजे देखि २४ घण्टा)
नक्सामा विभिन्न जिल्ला भइ बहने स-साना नदीहरूमा आकस्मिक बहाब (Flash Flood) हुन सक्ने पूर्वानुमान र सो को जोखिम देखाइएको छ।
संकेत
नदि
जोखिमको तह
न्यून जोखिम
मध्यम जोखिम
उच्च जोखिम
अति उच्च जोखिम
0 50 100 150 200 km

## ३ .सरोकारवाला/सर्वसाधारणका लागि अनुरोध

सम्भावित वर्षा र जलजन्य जोखिमलाई ध्यानमा राखी नदी तथा खोलाको तटीय क्षेत्र, खोला किनारका सडक, जोखिमयुक्त नदी उपत्यका र हिमाली क्षेत्रमा यात्रा नगर्नुहोस। अत्यावश्यक यात्रा गर्दा सतर्कता अपनाउनुहोस्। उक्त अवधिमा खोला तर्ने, नदी किनारमा जाने कार्य नगर्नुहोस्। आधिकारिक सूचना तथा स्थानीय प्रशासनको निर्देशन पालना गर्नुहोस्।

**नोटः** यो समग्र प्रारम्भिक जलविज्ञान जोखिम आंकलन हो। चक्रवातको सम्भावित प्रभाव, वर्षाको अवस्था तथा नदीको जलसतह पूर्वानुमानको अद्यावधिक पूर्वानुमान विश्लेषणका आधारमा प्रणाली अन्त्य नहुंदा सम्म निरन्तर बाढी पूर्वानुमान तथा पूर्वसूचना विस्तृत बुलेटिन जारी गरिनेछ। साथै सो अवधिसम्मको लागि टोल फ्री नम्बर ११५५(२) पुनः सुचारु गरिएको जानकारी गराउँदछौ।

**सर्वसाधारण तथा सरोकारवालाका लागि परामर्श (Advisory):**

| रङ्ग | चेतावनीको अवस्था | सर्वसाधारणका लागि सन्देश | सरोकारवाला निकायका लागि सन्देश |
|---|---|---|---|
| **हरियो (Green)** | सामान्य अवस्था | नदीको बहाव सामान्य अवस्थामा छ। बाढीको जोखिम छैन। नियमित रूपमा सूचना प्राप्त गरिरहनुहोस्। | नियमित अनुगमन तथा तयारीको अवस्था कायम राख्ने। कुनै विशेष कार्य आवश्यक छैन। |
| **पहेँलो (Yellow)** | सतर्क रहनुहोस् | नदीको जलसतह बढ्न सक्ने तथा चेतावनी तह नजिक पुग्न सक्ने सम्भावना छ। नदी तटीय तथा होचा भू-भागका बासिन्दाले सतर्क रही अद्यावधिक सूचना प्राप्त गरिरहनुहोस्। | नदीको अवस्थाको निगरानी बढाउने, स्थानीय तह तथा समुदायलाई सूचित गर्ने र आवश्यक तयारी सुरु गर्ने। |
| **सुन्तला (Orange )** | तयारी अवस्थामा रहनुहोस् | नदी तटीय तथा जोखिमयुक्त क्षेत्रमा बाढी आउने सम्भावना उच्च छ।अत्यावश्यक सामग्री तयारी अवस्थामा राख्नुहोस् र आवश्यक परे सुरक्षित स्थानमा जान तयार रहनुहोस्। | आपतकालीन तयारीका उपायहरू कार्यान्वयन गर्ने, उद्धार तथा राहतका स्रोत-साधन तयारी अवस्थामा राख्ने र सम्भावित स्थानान्तरणको तयारी गर्ने। |
| **रातो (Red)** | तुरुन्त प्रतिकार्य गर्नुहोस् | गम्भीर बाढीको जोखिम रहेको वा बाढी भइरहेको अवस्था हो। सम्बन्धित निकायको निर्देशन अनुसार सुरक्षित स्थानमा जानुहोस् तथा नदी र बाढीग्रस्त क्षेत्रबाट टाढा रहनुहोस्। | उद्धार, राहत तथा आवश्यक परे स्थानान्तरणका कार्यहरू तत्काल सञ्चालन गर्ने तथा बहु-निकाय समन्वय गरी आपतकालीन प्रतिकार्य सुरु गर्ने। |